जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रबर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

एक कदम अगाडि

Jaleshwor Today National Daily

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:- ९८२४८७७६२७
Gmail :- Jaleshwortoday @gmail.com

बर्ष १३ • अंक २११ • २०८३ जेठ ८ गते शुक्रवार • 22 May 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

## युवा केन्द्रित संसदीय पहुँच प्रवर्द्धन बारे जनकपुरधाममा व्यापक परामर्श

दिपक श्रेष्ठ मण्डल
जनकपुरधाम, ७ जेठ



संसदीय पहुँच प्रवर्द्धन तथा सार्वजनिक सुनुवाइ परियोजना सम्बन्धी एक दिने परामर्श जनकपुरधामस्थित रामा होटलमा मधेस प्रदेश सचिवालयको आयोजनामा, युएनडिपीको सहयोग तथा पिपुल्स प्रमोट सेन्टर धनुषाको समन्वय र सहकार्यमा बिहीबार सम्पन्न भएको छ। कार्यक्रम मधेस प्रदेश सभाका सभामुख रामआशिष यादवको प्रमुख आतिथ्यतामा सम्पन्न भएको हो ।

कार्यक्रममा युवालाई संसदीय गतिविधिसँग जोड्ने, विद्यालय तहदेखि नै नागरिक दायित्वबारे सचेत बनाउने तथा सार्वजनिक सुनुवाइमार्फत जनताका आवाजलाई नीति निर्माण तहसम्म पु¥याउने विषयमा विस्तृत छलफल गरिएको थियो । सभामुख यादवले लोकतन्त्रलाई सुदृढ बनाउन युवाको सक्रिय सहभागिता आवश्यक रहेको बताउँदै यस्ता कार्यक्रमले नागरिक र जनप्रतिनिधिबीचको सम्बन्ध अझ प्रभावकारी बनाउने धारणा राख्नुभयो ।

कार्यक्रममा पिपुल्स प्रमोट सेन्टरका अध्यक्ष कमलेश कुमार मण्डलको अध्यक्षता रहेको थियो। कार्यक्रममा प्रदेश मामिला समितिका सभापति मा. रत्नेश्वर गोइत, अर्थ तथा योजना समितिका सभापति मा. अनिता साह, महिला, बालबालिका तथा सामाजिक न्याय समितिकी सभापति मा. रुपा कुमारी यादव तथा विकास समितिका सभापति मा. शारदा शंकर कलवार लगायतको उपस्थिति रहेको थियो । त्यसैगरी नेपाल पत्रकार महासंघ धनुषाका अध्यक्ष पुरन गुप्ता, विभिन्न सरोकारवाला निकायका प्रतिनिधि, पत्रकार तथा युवाहरूको सहभागिता रहेको थियो ।

समसामयिक सवालहरूमा सार्वजनिक सुनुवाइ, युवा केन्द्रित संसदीय पहुँच तथा विद्यालय केन्द्रित नागरिक संलग्नता सम्बन्धी जनचेतनामूलक कार्यक्रम मधेस प्रदेशका विभिन्न जिल्लामा सञ्चालन हुने जनाइएको छ ।

## सारा बचत तथा ऋण सहकारी संस्थाको रजत जयन्ति भव्य रूपमा सम्पन्न



ओम प्रकाश साह
जनकपुरधाम, ७ जेठ

श्री सारा बचत तथा ऋण सहकारी संस्था लि.को २५ औं वार्षिक उत्सव तथा रजत जयन्ति समारोह आज बिहीबार भव्य रूपमा सम्पन्न भएको छ ।

जनकपुरधाम-७ स्थित होटल अनापूर्ण सभाकक्षमा आयोजित कार्यक्रममा संस्थाका अध्यक्ष मनोज कुमार महतोको अध्यक्षता तथा मधेश प्रदेश सभाका सभामुख राम आशिष यादव को प्रमुख आतिथ्यता रहेको थियो। कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष मनोज कुमार महतोले सहकारी संस्था स्थापना कालदेखि नै सदस्यहरूको आर्थिक उन्नति, बचत गर्ने संस्कारको विकास तथा सहज ऋण प्रवाह मार्फत समाजमा सकारात्मक परिवर्तन ल्याउने उद्देश्यका साथ संस्था निरन्तर क्रियाशील रहेको बताए। उनले विगत २५ वर्षको सफल यात्रा सदस्यहरूको विश्वास, सहयोग र निरन्तर साथकै कारण सम्भव भएको उल्लेख गरे ।

अध्यक्ष महतोले सहकारी क्षेत्र अहिले विभिन्न चुनौती बाट गुज्रिरहेको अवस्थामा पारदर्शिता, अनुशासन र सदस्य प्रतिको जिम्मेवारीलाई अझ मजबुत बनाउँदै संस्थालाई अगाडि बढाइने प्रतिबद्धता व्यक्त गरे ।

उनले आगामी दिनमा प्रविधिमैत्री सेवा विस्तार, युवालाई सहकारी अभियानसँग जोड्ने तथा आर्थिक रूपमा कमजोर वर्गलाई प्राथमिकतामा राखेर काम गरिने जानकारी दिए । प्रमुख अतिथि सभामुख यादवले सहकारी

बांकी पृष्ठ २ मा ।

GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open ! +2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme



33 Years of Academic Excellence




सामाजिक र सांस्कृतिक सद्भाव कायम राखौं

- सबै जात/जाति, भाषा/भाषी, धर्म र संस्कृतिको सम्मान गरौं,
- आपसी समझदारी, सहिष्णुता र भाईचारा बढाऔं,
- घृणा, विभेद र हिंसाजन्य व्यवहार त्यागौं,
- पर्व-उत्सवहरु मिलेर मनाऔं,
- अफवाह र भ्रामक सूचनाबाट सचेत बनौं,
- संवाद र सहकार्यबाट विवाद समाधान गरौं,
- शान्तिपूर्ण र समावेशी समाज निर्माणमा योगदान दिऔं ।

विविधतामा एकता भावना विकास गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड




## जनमतको कदर हुने काम गर

वर्तमान सरकार दुईतिहाइ नजिकको सरकार रहेको छ। विगतका सरकार र दलहरूको कार्यशैलीको उपजको रूपमा वर्तमान सरकार गठन भएको कुरा आम नागरिकको बुझाइ रहेका छन। जे जसरी भए पनि छोटो अवधिमै दुईतिहाइ बहुमतको निकट सदस्य संख्या भएको नयाँ दलले कार्यशैली आक्रामक रूपमा अगाडि बढाएका छन । वर्तमान सरकारको कार्यशैली हेर्दा अनुभव, परिपक्वता र धैर्यको कमी हो कि ? भन्ने देखिन्छन । वर्तमान नेपाल सरकार सार्वभौमसत्ता सम्पन्न संसद्को प्रचण्ड बहुमतद्वारा गठन भएको सरकार रहेको देखिन्छ । सरकारले आगामी वर्षको नीति तथा कार्यक्रम संसद्मा प्रस्तुत गरी पारित समेत गरिसकेका छन । प्रतिपक्षी दलहरूले सरकारको नीति तथा कार्यक्रममा यथेष्ठ रूपमा छलफल हुन नपाएको भनी प्रतिपक्षी दलका सांसदहरूले गुनासो व्यक्त गरिरहेको छ । संसद्बाट निर्वाचित प्रधानमन्त्रीले संसद्लाई उपेक्षा गरेका छन । संसद्मा उपस्थित भई सांसदहरूले उठाएका प्रश्नको एक–एक प्रश्नको जवाफ दिनु प्रधानमन्त्रीको कर्तव्य रहेको छ ।

यो संसदीय मर्यादा र संसद्प्रतिको जवाफदेहिता पनि हो । प्रधानमन्त्रीले संसद्मा उपस्थित भई प्रश्नको जवाफ नदिई गोप्य कोठामा बसेर सरकार र राज्य सञ्चालन गर्न खोज्नु नेपाली जनताको अभिमतभन्दा बाहिरको कुरा रहेको देखिन्छ । अतः सन्तुलित र सर्वस्वीकार्य बाटोबाट अघि बढेमा सबैको हित हुनेछ । दुईतिहाइको मतको दम्भले देश पुनः अस्थिरताको बाटोमा धकेलिनु नपरोस् । अन्तमा देश र जनताप्रति संवेदनशील भएर कार्य गरेमा जनमतको कदर हुने अपेक्षा रहेको छ ।

# तोकिएको कार्यविधि अनुसार छात्रवृत्ति परीक्षा सञ्चालन गर्न निर्देशन

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, ७ जेठ**

जनकपुरधाम उपमहानगरपालिकाले संस्थागत विद्यालयहरूमा निःशुल्क छात्रवृत्ति वितरण प्रक्रिया प्रभावकारी बनाउन पुनः सूचना जारी गर्दै तोकिएको कार्यविधि अनुसार छात्रवृत्ति परीक्षा सञ्चालन गर्न निर्देशन दिएको छ । उपमहानगरपालिकाले छात्रवृत्ति कार्यान्वयन नगर्ने तथा प्रवेश परीक्षा नलिने निजी विद्यालयमाथि कानुनअनुसार कारबाही गरिने चेतावनीसमेत दिएको छ ।

उपमहानगरपालिकाको शिक्षा, युवा तथा खेलकुद विकास शाखाले बिहीबार जारी गरेको सूचनामा यसअघि बैशाख २१ गतेदेखि ३१ गतेसम्म आवेदन फाराम भर्ने तथा जेठ ३ गते प्रवेश परीक्षा सञ्चालन गर्ने निर्णय गरिएको भए पनि केही संस्थागत विद्यालयले उक्त सूचना पालना नगरेको जनगुनासो आएपछि पुनः प्रक्रिया अघि बढाइएको उल्लेख गरिएको छ । उपमहानगरपालिकाले संस्थागत



विद्यालय छात्रवृत्ति वितरण कार्यविधि-२०८१ अनुसार कक्षा १ देखि १० सम्म अध्ययन गर्ने विद्यार्थीलाई निःशुल्क छात्रवृत्ति उपलब्ध गराउन विद्यालयस्तरीय छात्रवृत्ति वितरण समितिमार्फत छनोट प्रक्रिया सञ्चालन गर्न निर्देशन दिएको हो । कार्यविधिको दफा ४.३, ४.४, ४.६ तथा ५.१ अनुसार छात्रवृत्ति कोटा निर्धारण र दफा ६.१ अनुसार आरक्षण व्यवस्थालाई अनिवार्य रूपमा कार्यान्वयन गर्न भनिएको छ ।

सूचनाअनुसार अब विद्यार्थीले आफू अध्ययन गरिरहेको वा अध्ययन गर्न चाहेको विद्यालयमै गएर आवेदन फाराम भर्नुपर्नेछ । पुनः निर्धारण गरिएको तालिका अनुसार जेठ ८ गतेदेखि जेठ १५ गतेसम्म आवेदन फाराम भर्ने, जेठ १७ गते बिहान ८ बजेदेखि प्रवेश परीक्षा सञ्चालन गर्ने तथा जेठ २० गते नतिजा प्रकाशन गर्ने कार्यक्रम तय गरिएको छ । परीक्षा केन्द्र सम्बन्धित विद्यालय नै रहने जनाइएको छ। उपमहानगरपालिकाले निःशुल्क छात्रवृत्ति सम्बन्धी प्रवेश परीक्षा सञ्चालन नगर्ने तथा छात्रवृत्ति कार्यान्वयन नगर्ने विद्यालयलाई कानुनी दायरामा ल्याइने स्पष्ट पारेको छ । यससँगै छात्रवृत्ति परीक्षाको नतिजा प्रकाशन गरी त्यसको एक प्रति उपमहानगरपालिकाको शिक्षा शाखामा अनिवार्य रूपमा बुझाउन पनि विद्यालयहरूलाई आग्रह गरिएको छ । यता, जनकपुरधाम उपमहानगरपालिकाले अवैध रूपमा सञ्चालन भइरहेका विद्यालयहरूको अनुगमन तथा आवश्यक कारबाहीका लागि तीन सदस्यीय उपसमिति समेत गठन गरेको जनाएको छ ।

उपमहानगरपालिकाले विद्यार्थीको शिक्षा अधिकार सुनिश्चित गर्न निजी विद्यालयहरूलाई जिम्मेवार बन्न आग्रह गर्दै छात्रवृत्ति वितरण प्रक्रियामा सहयोग गर्ने सम्पूर्ण संस्थागत विद्यालयप्रति आभार व्यक्त गरेको छ। शिक्षा शाखा प्रमुख अन्जु पाण्डेयद्वारा जारी सूचनामा विद्यार्थी, अभिभावक तथा सर्वसाधारणलाई समयमै आवेदन प्रक्रिया पूरा गर्न अनुरोध गरिएको छ ।

उपमहानगरपालिकाले शिक्षा क्षेत्रमा पारदर्शिता, समान पहुँच र कानुनी व्यवस्थाको कार्यान्वयनलाई प्राथमिकतामा राखेर अनुगमनलाई थप प्रभावकारी बनाउने जनाएको छ ।

# एक विशेष धार्मिक तथा तीर्थयात्रा टोली जनकपुरधाम

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, ७ जेठ**

भारतको गुजरातबाट सुरु भएको एक विशेष धार्मिक तथा तीर्थयात्रा टोली जनकपुरधाम आइपुगेको छ । जनकपुरधाम अन्तर्राष्ट्रिय सुन्दरकाण्ड पाठ संघका संयोजक महामण्डलेश्वर पुरुषोत्तम दासजी महाराजको नेतृत्वमा आएको उक्त टोलीलाई जनकपुरधाममा भव्य स्वागत गरिएको हो ।

नेपाल-भारत जनमैत्री संगठन नेपालको सहकार्य तथा संगठनका महामन्त्री एवं समाजसेवी निर्मल दुगडको पहलमा आयोजित उक्त धार्मिक यात्रा अयोध्या, पुनौराधाम र जलेश्वर महादेवको दर्शन गर्दै जनकपुरधाम प्रवेश गरेको हो ।

यात्रामा ठूलो संख्यामा साधुसन्त, समाजसेवी तथा धार्मिक अभियन्ताहरूको सहभागिता रहेको



आयोजकले जनाएको छ । जनकपुरधाम उपमहानगरपालिका -२३ प्रवेशसँगै टोलीलाई स्थानीयस्तरमा स्वागत गरिएको थियो । वडा नं. २३ का वडा अध्यक्ष राघवेन्द्र साहको नेतृत्वमा निर्माणाधीन रविन्द्र मेमोरियल हस्पिटलको प्राङ्गणमा विशेष स्वागत कार्यक्रम आयोजना गरिएको थियो ।

कार्यक्रममा वडाध्यक्ष साहले तीर्थयात्री टोलीलाई खादा तथा मालाले सम्मान गर्दै जनकपुरधाममा स्वागत गरेका थिए । सो अवसरमा अन्तर्राष्ट्रिय धार्मिक अभियन्ता भोगेन्द्र लाल कर्ण तथा मनोज ठाकुर लगायतको उपस्थिति रहेको थियो। त्यसैगरी, अस्पतालका डाइरेक्टर श्रीचन्द साह, इन्जिनियर अमित साह, सुपरभाइजर मुन्नी साह, गार्ड मोहन जिमी र बेचन मुखिया लगायतले टोलीलाई स्वागत गर्दै यात्राको सफलताको कामना गरेका थिए । आयोजकले यस धार्मिक यात्राले नेपाल-भारतबीचको सांस्कृतिक तथा धार्मिक सम्बन्धलाई अझ सुदृढ बनाउने विश्वास व्यक्त गरेका छन् ।

## सारा बचत तथा ऋण...........................

संस्थाहरूले समाजमा आर्थिक आत्मनिर्भरता वृद्धि गर्न महत्वपूर्ण योगदान पुर्याउँदै आएको उल्लेख गर्दै राज्यले पनि सहकारी क्षेत्रलाई प्राथमिकतामा राखेर अघि बढाउनुपर्ने बताए। उनले सारा सहकारीले छोटो समयमै सदस्यहरूको विश्वास जित्न सफल भएको भन्दै संस्थाको आगामी यात्रा अझ सफल रहोस् भन्ने शुभकामना व्यक्त गरे । समारोहमा विभिन्न सामाजिक व्यक्तित्व, सहकारीकर्मी, बुद्धिजीवी, सदस्य तथा स्थानीय सर्वसाधारणको उल्लेख्य उपस्थिति रहेको थियो। कार्यक्रममा संस्थाको २५ वर्षे यात्राबारे चर्चा गर्नुका साथै सम्मान तथा शुभकामना आदानप्रदान कार्यक्रम समेत सम्पन्न गरिएको थियो ।

## तपाईको टुडे

मेषः मित्रतामा फाटो आउने
वृषः खानपानमा समस्या आउने
मिथून: अशुभ समाचार प्राप्त हुने
कर्कटः मनमा पछुतो आउने
सिंहः शुभ कार्यको शुरुवात
कन्याः पिछ्डेको साथी मिल्ने
तुलाः पढाईमा ध्यान दिनुपर्ने
वृश्चिकः अनावश्यक चिन्ता
धनुः अनावश्यक खर्चको संभावना
मकरः लामो यात्राको योग छ
कूम्भः विचार गरेर बोल्नुहोला
मीनः आम्दानी हुने



## मधेश प्रदेशको गौरव

**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।**




आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**

## आवश्यक टेलिफोन नम्बरहरु



### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| विहान पुजा आरती | ०५:३० बजे |
| विहान ढोका बन्द | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०६:३० बजे |
| राति ढोका बन्द हुने समय | १२ बजे |

(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर



## पुजाआजा



| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| विहान पुजा आरती | ०७:३० बजे |
| विहान ढोका बन्द | १२:०० बजे |
| अन्न क्षेत्र | निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०७:३० बजे |

# इरान नीतिलाई लिएर ट्रम्पसँग नेतान्याहूको आक्रोश

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ७ जेठ**



अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहूबीच इरानसँग सम्बन्धित कूटनीतिक प्रयासलाई लिएर निकै कडा र कठिन फोनवार्ता भएको अन्तर्राष्ट्रिय सञ्चारमाध्यम एक्सीओसले जनाएको छ। दुई नेताबीच इरानसँगको युद्ध अन्त्य गर्ने र नयाँ कूटनीतिक मार्ग अपनाउने विषयमा स्पष्ट मतभेद देखिएको रिपोर्टमा उल्लेख छ ।

रिपोर्टका अनुसार अमेरिका र इरानबीच परमाणु कार्यक्रम तथा क्षेत्रीय मुद्दाहरूमा सहमति खोज्न नयाँ कूटनीतिक पहल भइरहेको छ। यस प्रक्रियामा कतार, पाकिस्तान, साउदी अरब, टर्की र इजिप्ट जस्ता देशहरूले मध्यस्थकर्ताको भूमिका खेलिरहेका छन्। कतार र पाकिस्तानले तयार पारेको 'संशोधित शान्ति मस्यौदा' का विषयमा ट्रम्पले नेतान्याहूलाई जानकारी गराएका थिए ।

उक्त मस्यौदामा अमेरिका र इरानले एउटा 'आशय पत्र' मा हस्ताक्षर गरी औपचारिक रूपमा युद्ध अन्त्य गर्ने र इरानको परमाणु कार्यक्रम तथा 'हर्मुज जलमार्ग खुला गर्ने विषयमा ३० दिने वार्ता शुरू गर्ने प्रस्ताव गरिएको छ । यस कूटनीतिक पहलबारे जानकारी पाएपछि प्रधानमन्त्री नेतान्याहु निकै असन्तुष्ट र आक्रोशित भएको स्रोतले जनाएको छ ।

एक अमेरिकी अधिकारीलाई उद्धृत गर्दै एक्सीओसले लेखेको छ, "वार्तापछि बीबी (नेतान्याहू) को कपालमै आगो सल्किएको जस्तो (अत्यन्तै आक्रोशित) अवस्था थियो ।"

# यस्तो देखियो जुनियर एनटीआरको नयाँ चलचित्र 'ड्र्यागन' को धमाकेदार टिजर

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ७ जेठ**



साउथ सिनेमाका अभिनेता जुनियर एनटीआरले बुधबार आफ्नो ४३ औं जन्मदिन मनाएका छन् । यस अवसरमा उनको आगामी चलचित्र 'ड्र्यागन' को पहिलो ग्लीम्पस सार्वजनिक गरिएको छ। चलचित्रमा एनटीआर एक खतरनाक हत्यारा (असासिन) को भूमिकामा देखिएका छन् ।

जन्मदिनको अवसरमा हैदराबादस्थित अभिनेताको घरबाहिर बिहानैदेखि हजारौं प्रशंसकहरूको भीड जम्मा भएको थियो । एनटीआरले घरबाहिर आएर प्रशंसकहरूको अभिवादन स्वीकार गरेका थिए। सार्वजनिक भएको भिडियो अनुसार चलचित्रको कथा विश्वव्यापी अफीम युद्ध को वरिपरि घुमेको छ । टिजरको सुरुवात ब्याकग्राउन्ड भ्वाइस ओभरबाट हुन्छ, जसमा ब्रिटिशहरू मूल रूपमा भारतमा अफीम खेतीका लागि आएका थिए भनी बताइएको छ, जसबाट हेरोइन बन्दछ ।

अङ्गेजहरूले भारतमा बसेर प्रतिबन्धित ड्रग्सको सबैभन्दा बढी खेती हुने दुई मुख्य ठाउँहरूमा नियन्त्रण जमाएका थिए। यसमा अफगानिस्तान र थाइल्यान्ड, लाओस तथा बर्माको क्षेत्र पर्दछ। अङ्गेजहरू गएपछि 'अफगान ट्रेडिङ कम्पनी' र 'गोल्डेन ट्रयाङ्गल' गरी दुई मुख्य समूहबिच अफीमको व्यापारमा कब्जा जमाउनका लागि युद्ध सुरु हुन्छ । यस चलचित्रमा जुनियर एनटीआर 'अफगान ट्रेडिङ कम्पनी' को सबैभन्दा ठुलो हत्यारा 'लुगर' को भूमिकामा छन्, जसलाई 'ड्र्यागन' पनि भनिन्छ ।

चलचित्रमा बलिउडका वरिष्ठ अभिनेता अनिल कपुर पनि मुख्य भूमिकामा छन् । उनले चलचित्रमा नार्कोटिक्स ब्युरोका प्रमुख रघुवीर राठौडको भूमिका निर्वाह गरेका छन्। त्यस्तै बीजु मेनन अफगानिस्तान लजिस्टिकका प्रमुख जलिल रहमानको भूमिकामा देखिनेछन् ।

# औरही नगरपालिकामा 'पोषण' परियोजना शुभारम्भ: बालबालिकाको सुनौलो भविष्यका लागि बहुक्षेत्रीय पहल

**मो. इर्शाद**
**महोत्तरी, ७ जेठ**



महोत्तरीको औरही नगरपालिकामा 'पोषण' कार्यक्रम शुभारम्भ कार्यशाला तथा नगर स्तरीय पोषण निर्देशक समितिको बैठक सम्पन्न भएको छ ।

केयर नेपाल (Care Nepal) र iDE Nepal को आर्थिक सहयोग तथा दलित समाज उत्थान समिति नेपालको साझेदारीमा सञ्चालित यस पालिकामा कार्यक्रम सुभारम्भ गरिएको हो। यस परियोजनाले स्थानीय स्तरमा पोषण र खाद्य सुरक्षाको अवस्था सुधार गर्ने लक्ष्य लिएको छ ।

नगर प्रमुख प्रदीप खड्काको अध्यक्षतामा सम्पन्न बैठकले पोषण परियोजनाका गतिविधिहरूलाई पालिकाका दलित, विपन्न, अल्पसंख्यक, मुस्लिम तथा पिछडिएका समुदायमा केन्द्रित गर्ने निर्णय गरेको छ । परियोजनाको प्रभावकारिताका लागि नगरपालिकाका वडा नं. ३, ४, ५ र ६ लाई प्राथमिकतामा राखिएको छ। सो क्षेत्रमा रहेका 'स्वास्थ्य आमा समूह' लक्षित व्यवहार परिवर्तन का सेसनहरू संचालन गर्ने कार्यक्रम रहेको छ। स्थानीय सरकार सँगको समन्वय र सहकार्यलाई उच्च प्राथमिकता दिइ पोषण सुधारका लागि कृषि, पशु, स्वास्थ्य, शिक्षा, खानेपानी सरसफाई, महिला बालबालिका विकास, शासन प्रबन्ध क्षेत्र लक्षित कार्यक्रमहरू गरिने जनाइएको छ । कार्यशालामा बालबालिकाको बौद्धिक विकासमा प्रारम्भिक ५ वर्षको उमेर निकै संवेदनशील रहने तथ्य सार्वजनिक गरियो ।

विज्ञहरूका अनुसार बच्चा गर्भमा रहँदा ३० प्रतिशत, जन्मिएको पहिलो वर्षमा २५ प्रतिशत र दुई वर्षभित्र ५० प्रतिशत गरी ५ वर्षको उमेरसम्ममा ९० प्रतिशत बौद्धिक विकास भइसक्छ। त्यसैले, यो उमेर समूहका बालबालिका र सुनौलो हजार दिनको आमाहरूको पोषणमा विशेष जोड दिएको हो ।

कार्यक्रमको मुख्य उद्देश्य महिला, बालबालिका र किशोरीहरूको पोषण अवस्थामा सुधार ल्याउनु, बहुक्षेत्रीय अभ्यासलाई संस्थागत गर्नु तथा स्थानीय तहको नीति, योजना र सेवा प्रवाहमा सुधार गरी 'पोषणमैत्री स्थानीय शासन पद्धति' अवलम्बन गर्नु रहेको छ । रुबैठकमा प्रतिबद्धता व्यक्त गर्दै नगर प्रमुख खड्काले पोषण र खाद्य सुरक्षा स्थानीय सरकारको उच्च प्राथमिकतामा रहेको स्पष्ट पारे। उनले भने, "यो परियोजनाको सफलताका लागि नगरपालिकाको तर्फबाट आवश्यक पर्ने सम्पूर्ण प्राविधिक तथा संस्थागत सहयोग उपलब्ध गराइनेछ । आगामी दिनमा यी कार्यक्रमहरू बाँकी वडामा पनि विस्तार गर्दै नतिजामुखी बनाउनतर्फ नगरपालिका केन्द्रित रहनेछ ।"

परियोजनाका कार्यक्रम संयोजक योगी माया सिंहले परियोजनाको उद्देश्य र आगामी कार्ययोजनाबारे विस्तृत प्रस्तुतीकरण दिएकी थिइन् । कार्यक्रममा उप-मेयर रेणु झा, प्रमुख प्रशासकीय अधिकृत सुशील प्रसाद आचार्य, विभिन्न वडाका अध्यक्षहरू, सामाजिक सुरक्षा शाखाका चन्द्रभूषण सिंह, केयर नेपालका दुर्गेशमान श्रेष्ठ, हरिलाल ढकाल, दलित समाज उत्थान समिति नेपालका प्रतिनिधि, पालिकामा रहेका विभिन्न शाखाका प्रतिनिधिहरु तथा सञ्चारकर्मीहरूको उपस्थिति रहेको थियो ।

# शहीद कप महिला टी-२० क्रिकेटको उपाधी पर्सालाई

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, ७ जेठ**



मधेश प्रदेशको राजधानी जनकपुरधाममा आयोजित प्रथम शहीद कप महिला क्रिकेट लिग-२०८३ को उपाधी पर्साले जितेको छ ।

वर्षाले प्रभावित फाइनल खेलको नतिजा टसको आधारमा गरिएको थियो। एकाएक परेको अविरल वर्षाका कारण फाइनल खेल प्रभावित बनेको थियो । जनकपुरधाम-१४ रजौल स्थित श्रीरामजानकी बहुउद्देश्य अन्तर्राष्ट्रिय खेल मैदानमा वर्षाको पानी जमेपछि फाइनल खेलको निर्णय टसको आधारमा टुंग्याएको मधेश खेलकूद परिषदका सदस्य सचिव शिवजी प्रसाद कानूले बताए। गएको बैशाख ३१ गतेदेखि सुरु भएको शहीद कप महिला क्रिकेट प्रतियोगिताको फाइनलमा पर्सासँगै सिरहाले प्रवेश पाएको थियो । तर, फाइनल खेल वर्षाले प्रभावित हुँदा सिरहा अभागी साबित भए । पर्सा जिल्ला भने भाग्यमानी हुँदै टसकै आधारम प्रथम शहीद कप महिला क्रिकेट प्रतियोगिताको उपाधी उचाल्न सफल भएको हो ।

मधेश प्रदेशका प्रदेश प्रमुख डा. सुरेन्द्र लाभले विजेता टोलीका खेलाडीहरुलाई मेडलसहित ट्रफी प्रदान गरेका छन् । प्रतियोगितामा द्धितिय भएका सिरहाका खेलाडीहरुलाई पनि ट्रफी प्रदान गरिएको छ। मधेश प्रदेश क्रिकेट संघको सहकार्यमा मधेश खेलकूद परिषद्, जनकपुरधामले आयोजना गरेको शहीदकपमा आठ वटै जिल्लाका महिला क्रिकेट टोलीले सहभागी जनाएका थिए।

खेलकूद तथा समाज कल्याण मन्त्रालयका निमित्त सचिव सुशिलकुमार साहले उद्घाटन गरेपछि महिला क्रिकेट लिग प्रतियोगिता सुरु भएको थियो।

# सुत्केरी महिलाको शल्यक्रियापछि मृत्यु भएको घटनामा संलग्न दुई जना चिकित्सक निलम्बन

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, ७ जेठ**



प्रादेशिक अस्पताल जनकपुरधाममा सुत्केरी महिलाको शल्यक्रियापछि मृत्यु भएको घटनामा संलग्न दुई जना चिकित्सकलाई अस्पताल प्रशासनले निलम्बन गरेको छ। सुत्केरी अँजिना यादवको मृत्यु भएको घटनापछि अस्पतालमा रातिदेखि नै तनाव उत्पन्न भएको थियो । परिवारजनले दोषी चिकित्सकमाथि कारबाहीको माग गर्दै नाराबाजी र विरोध प्रदर्शन गरेका थिए । घटनापछि बिहीबार दिउँसो अस्पताल प्रशासन, पीडित परिवार, प्रहरी, राजनीतिक प्रतिनिधि तथा सरोकारवालाबीच भएको सर्वपक्षीय छलफलले शल्यक्रियामा संलग्न डा. धीरज कुमार साह र डा. श्रेयालक्ष्मी साहलाई छानबिन अवधिभरका लागि निलम्बन गर्ने निर्णय गरेको हो। त्यसैगरी, घटनाको वास्तविक कारण पत्ता लगाउन छानबिन समिति गठन गर्ने सहमति पनि भएको छ। समितिको प्रतिवेदन नआएसम्म निलम्बन यथावत रहने निर्णय गरिएको अस्पताल स्रोतले जनाएको छ।

अस्पतालका मेसु डा. जामुन सिंहमाथिसमेत लापरबाही भएको आशंका व्यक्त गर्दै छानबिन गरी दोषी ठहर भए कारबाहीका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा सिफारिस गर्ने सहमति भएको छ । साथै, उपचारसम्बन्धी सम्पूर्ण रिपोर्ट, कागजात तथा प्रक्रिया पीडित परिवारलाई उपलब्ध गराउने, दोषी प्रमाणित भए क्षतिपूर्ति दिने र छानबिन समितिलाई ७ दिनभित्र प्रतिवेदन बुझाउनुपर्ने निर्णय पनि गरिएको छ । छानबिन अवधिभर अस्पतालको नियमित सेवा सञ्चालनमा कुनै अवरोध नगर्ने सहमतिसमेत सर्वपक्षीय छलफलमा गरिएको जनाइएको छ ।

# मधेश प्रदेशमा सत्ता समीकरण परिवर्तन भई नयाँ गठबन्धन सरकार गठन हुने

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, ७ जेठ**

मधेश प्रदेशमा सत्ता समीकरण परिवर्तन भई नयाँ गठबन्धन सरकार गठन हुने भएको छ । नेकपा एमाले, नेपाली कांग्रेस र नेपाली कम्युनिस्ट पार्टी (नेकपा) बीच सत्ता सहकार्य गर्ने सहमति भएपछि प्रदेशको राजनीतिक समीकरण फेरिन लागिएको हो ।

सहमति अनुसार नेपाली कांग्रेसका कृष्णप्रसाद यादव नै मुख्यमन्त्री पदमा निरन्तर रहने भएका छन्। तीन दलबीच सरकार गठनबारे औपचारिक सहमति भइसकेको एक नेताले जानकारी दिए। नयाँ समीकरणअनुसार हाल सरकारमा रहेका जनता समाजवादी पार्टी (जसपा) नेपाल र जनमत पार्टीका मन्त्रीहरूलाई सरकारबाट हटाउने तयारी गरिएको स्रोतले जनाएको छ।

साथै, आजै नेकपा एमालेबाट एक जना मन्त्रीलाई शपथ गराउने तयारी भइरहेको पनि स्रोतको भनाइ छ ।

# सञ्चारमाध्यमको संरचनात्मक संकट

-सञ्चारमाध्यम, व्यवसाय र राजनीतिबीचको सीमारेखा धमिलो बन्दै छ। समाचार संस्था अब केवल सार्वजनिक सेवाका वाहक रहेनन्- ती प्रतिस्पर्धात्मक बजारभित्र सञ्चालन हुने नाफामुखी उद्यम पनि बनेका छन् । सञ्चारमाध्यममाथि हाल देखिएको अविश्वास संरचनात्मक संकट हो, जसमा शक्ति, पुँजी र वैधताको जटिल गाँठोले मिडियाको स्वतन्त्रता र विश्वसनीयता कमजोर बनाएको छ ।

डिजिटल प्रविधिको उदयले सत्यको साझा आधारलाई अस्थिर बनाउँदै सूचनाको विखण्डन र ध्रुवीकरण बढाएको छ, जसले मिडियाप्रतिको विश्वासमा गहिरो संकट ल्याएको छ । विश्वास पुनर्निर्माणका लागि केवल नैतिक सुधार पर्याप्त छैन, बरु मिडियाको आर्थिक-राजनीतिक निर्भरता घटाउने र स्वतन्त्रता सुनिश्चित गर्ने संरचनागत परिवर्तन आवश्यक छ। कुनै बेला सञ्चारमाध्यम भनेको सर्वस्वीकृतिको संस्था थियो । मानिसहरूले मिडियालाई निष्पक्ष ठान्थे र सार्वजनिक उत्तरदायित्व वाहकका रूपमा बुझ्थे । पत्रकारिताले आफैंलाई शक्तिबाट बाहिर उभिएको संस्था, शक्तिलाई प्रश्न गर्ने हिम्मतिलो अंगका रूपमा प्रस्तुत गर्थ्यो । मिडिया भनेको केवल समाचार होइन, समाजको ऐना हो भन्ने विश्वास थियो । अहिले सञ्चार जगत् संकटमा छ । यस लेखमा सञ्चारमाध्यममाथि आइपरेका संरचनात्मक संकटबारचर्चाको प्रयास गरिनेछ । शक्ति, पुँजी र वैधताको गाँठोः सञ्चारमाध्यममाथि हाल भइरहेको अविश्वास मूलतः एउटा संरचनात्मक संकट हो। यो शक्ति, पुँजी र वैधताको जटिल गाँठोमा बेरिएको छ। म्याक्स वेबरले भनेझैं वैधता भनेको थोपारिएको विषय होइन, यो त मानिसले दिएको स्वीकृति हो। पुँजीवादी मिडियाको चालढाल पूर्ण स्वतन्त्र भएर समाजभन्दा माथि रहने खालको हुँदैन, बरु पुँजीवादी संरचनाभित्रै गढेको हुन्छ। मालिकत्व (अपनत्व) को शैली, प्रचार सामग्रीबाट हुने आर्जन र उच्च वर्गसँगको उठबसले मिडियाबाट के भन्ने, कसरी भन्ने वा के नभन्ने र कसको आवाजलाई अलि चर्को स्वरमा भन्ने ? ती विषय निर्क्योल गरिदिन्छ। सम्पादकीयमा आउने आवाज प्रायः यस्तै-यस्तै दबाबबाट आइरहेको हुन्छ । त्यसैले यस्तो परिप्रेक्ष्यमा सञ्चारको काम वास्तविकता देखाउने नभएर सञ्चारमाध्यमलाई जसले हुर्काइबढाइ गरेको हुन्छ, उसैमार्फत तथ्यहरू छानिएर आउँछन्। अहिले यी सत्य अझ बहुआयामिक भएका छन् । सञ्चारमाध्यमको स्वामित्व क्रमशः व्यावसायिक समूहमा केन्द्रित हुँदै गएको छ, जसकारण धेरैले अ/प्रत्यक्ष रूपमा राजनीतिक र आर्थिक शक्ति संरचनासँग सम्बन्ध राख्छन्। फलतः सञ्चारमाध्यम, व्यवसाय र राजनीतिबीचको सीमारेखा धमिलो बन्दै गएको छ । समाचार संस्था अब केवल सार्वजनिक सेवाका वाहक रहेनन्, ती प्रतिस्पर्धात्मक बजारभित्र सञ्चालन हुने नाफामुखी उद्यम पनि बनेका छन् । जब सञ्चारमाध्यमको अस्तित्व नै शक्तिशाली पक्षहरूसँग गाँसिएका आम्दानीका स्रोतहरू (जस्तै-विज्ञापन, कर्पोरेट सहकार्य वा राज्य संरक्षण) मा निर्भर हुन थाल्छ, तब स्वतन्त्र र आलोचनात्मक पत्रकारिताको दायरा क्रमशः संकुचित हुँदै जान्छ। आदर्श रूपमा पत्रकारिता स्वायत्त क्षेत्र हो, जसलाई वस्तुनिष्ठता र सार्वजनिक उत्तरदायित्वजस्ता पेसागत मान्यताले निर्देशित गरिन्छ । तर, पियरे बोरदिउ 'फिल्ड' को अवधारणाबाट बुझाउँछन्- कुनै पनि क्षेत्र पूर्णतः स्वतन्त्र नभएर सधैँ बाह्य शक्तिहरू विशेषतः आर्थिक र राजनीतिक पुँजीद्वारा प्रभावित हुन्छ । यी शक्तिहरू जब पत्रकारिताको क्षेत्रमा अझ गहिराइसम्म प्रवेश गर्न थाल्छन्, तब यसको स्वायत्तता क्रमशः क्षय हुन थाल्छ । र, यही क्षयसँगै बोरदिउले भन्ने गरेको 'प्रतीकात्मक पुँजी' (सिम्बोलिक क्यापिटल) ले विश्वसनीयता, अधिकार र भरोसा पनि घटाउँदै लैजान्छ ।

यो प्रक्रियामा पाठकले अवलोकन गर्छन्, अर्थ लगाउँछन् र प्रतिक्रिया जनाउँछन् । जब समाचारले साधारण जनताको सरोकारभन्दा शक्तिशालीहरूको हितलाई बढी प्रतिविम्बित गर्न थाल्छ, तब सन्देह जन्मिन्छ। जब सञ्चारमाध्यमहरू आलोचनामा चयनात्मक देखिन्छन् र केही पक्षप्रति आक्रामक तर अरूप्रति मौन, तब प्रश्नहरू उठ्न थाल्छन् । समयसँगै यही सन्देह गहिरिँदै गएर अविश्वासमा परिणत हुन्छ, जसलाई प्रायः 'विश्वसनीयताको



संकट' भनेर व्याख्या गरिन्छ तर वास्तवमा त्यो वैधताको संकट हो । यो संकट केवल व्यक्ति-पत्रकारहरूको नैतिक असफलताको परिणाम होइन, एउटा संरचनात्मक अवस्था हो । आजका सञ्चारमाध्यम एक प्रकारको विरोधाभासमा छन् । उनीहरूबाट निगरानीकर्ताको भूमिका अपेक्षा गरिन्छ तर ती स्वयं त्यही शक्ति-संरचनाभित्र जकडिएका छन्, जसलाई उनीहरूले निगरानी गर्नुपर्ने हो । यही अन्तरविरोध समकालीन समयमा सञ्चारमाध्यमप्रति देखिएको सार्वजनिक आक्रोशको केन्द्रमा छ । क्षत-विक्षत सत्य-शक्तिसँगको संरचनात्मक गाँठोले सञ्चारमाध्यमको वैधता कमजोर बनाएको हो भने डिजिटल प्रविधिको उदयले 'साझा सत्य' (सेयर्ड ट्रुथ) को अवधारणालाई अस्थिर बनाइदिएको छ । हेबरमासको 'पब्लिक स्फियर' सम्बन्धी अवधारणाले नागरिकहरू विश्वसनीय सूचनामा आधारित र तर्कले बाटो देखाउने विवेकशील अनि आलोचनात्मक बहसमा संलग्न हुन सक्ने एउटा साझा स्थानको परिकल्पना गरेको थियो । बीसौं शताब्दीमा परम्परागत सञ्चारमाध्यम, पत्रपत्रिका, रेडियो, टेलिभिजनले यस क्षेत्रलाई जोगाइराख्न केन्द्रीय भूमिका खेले । उनीहरूले सूचना छनोट गर्ने, तथ्यहरू पुष्टि गर्ने र कम्तीमा सैद्धान्तिक रूपमा व्यापक जनसमुदायसम्म पहुँच हुने कथाहरू प्रस्तुत गर्ने गरी द्वारपालकको काम गरे ।तर, डिजिटल क्रान्तिले यसलाई उलटपुलट गरिदिएको छ । यो संकट केवल व्यक्ति-पत्रकारहरूको नैतिक असफलताको परिणाम होइन, एउटा संरचनात्मक अवस्था हो । समकालीन विश्वमा शक्ति अब केन्द्रीकृत संस्थाहरूबाट होइन, सूचनाका सञ्जालहरूमार्फत सञ्चालन हुन्छ । सामाजिक सञ्जाल प्लाटफर्महरूले सूचनाको प्रवाहमाथि परम्परागत सञ्चारमाध्यमको एकाधिकारलाई भत्काइदिएका छन् । आज स्मार्टफोन भएका जोकोहीले पनि सामग्री उत्पादन र प्रसारण गर्न सक्छ । यसले सञ्चारलाई लोकतान्त्रिक बनाउँदै पहिले बहिष्कृत (बनाइएका ?) आवाजलाई स्थान दिएको छ। तर, यसले एउटा गहिरो ज्ञानसम्बन्धी संकट (एपिस्तेमिक क्राइसिस) पनि जन्माएको छ । अब सूचना प्रमाणीकरण हुनुभन्दा छिटो फैलिन्छ। हल्ला (रिउमर), भ्रमपूर्ण सूचना (इल्युजन) र योजनाबद्ध दुष्प्रचार (प्रोपोगान्डा) विश्वसनीय पत्रकारितासँगै फैलिन्छन् । अनि धेरैजसो अवस्थामा यी सबैलाई फरक-फरक स्वरूपमा छुट्याउनै गाह्रो हुन्छ । सत्यको निर्णायकका रूपमा परम्परागत सञ्चारमाध्यमको अधिकार कमजोर बनेको छ । यस्तो अवस्थामा प्रश्न अब केवल 'के सत्य हो ?' भन्नेमा सीमित रहँदैन, बरु 'सत्य के हो भनेर कसले निर्धारण गर्छ ?' भन्ने बन्छ ।

यो बेला जटिल अनि आधुनिक सूचनाको हल्लीखल्लीमा मानिसहरू रुमल्लिनुपर्छ र विश्वसनीयता मूल्यांकनको जिम्मा उनीहरूकै काँधमा आइपर्छ । तर, त्यसका लागि आवश्यक साधन वा क्षमता सधैं हुँदैन । हरेक व्यक्ति व्यवस्थित जाँचभन्दा बढी अन्तर्ज्ञान, पूर्वाग्रह वा सामाजिक संकेतमा भर परेर आफ्नै 'द्वारपाल' (गेटकिपर) बन्न थाल्छ । अल्गोरिदमहरू मान्छेलाई अझ धेरै 'इंगेज्ड' गराउने गरी डिजाइन गरिएका हुन्छन्। तिनीहरूले क्रोध, डर र आक्रोशजस्ता भावना अनि उत्तेजित बनाउने सामग्रीलाई प्राथमिकता दिन्छन् किनभने त्यस्ता सामग्री बढी फैलिन्छन्। ती सामग्री अब 'इको च्याम्बर' बन्न जान्छन्, जहाँ प्रयोगकर्ताहरू प्रायः आफ्नै विश्वासलाई पुष्टि गर्ने सूचना मात्रै देख्छन्। अब समूहहरू आफ्नै-आफ्नै सूचना संसारमा बाँच्न थाल्छन्, जहाँ सत्यका स्रोत र मानकहरू फरक-फरक हुन्छन् । यस्तो विखण्डित परिवेशमा भरोसा ध्रुवीकृत हुन्छ । मानिसहरू केही सञ्चारमाध्यमप्रति गहिरो विश्वास राख्न सक्छन् भने अरूलाई पूर्ण रूपमा अस्वीकार गर्छन् । सञ्चारमाध्यम अब साझा सन्दर्भविन्दु रहँदैन, त्यो प्रतिस्पर्धा र विवादको स्थल बन्छ ।

यस तीव्र परिवर्तनबीच परम्परागत सञ्चारमाध्यमहरू एक कठिन द्विविधामा छन् । तिनीहरूले तथ्य-जाँच र सूक्ष्म विश्लेषणजस्ता पेसागत मान्यतामा अडिग भई काम गर्दा तीव्र, द्रुत र प्रदर्शनमुखी डिजिटल संसारमा पछि पर्ने जोखिम हुन्छ । तर, फेरि यदि भाइरल हुने लोभ, गति, सनसनी आदिमा अभ्यस्तता चाहन्छन् भने आफ्नै विश्वसनीयता कमजोर पार्ने खतरा हुन्छ । दुवै अवस्थामा परिणाम अनिश्चित र जोखिमपूर्ण छ। यसरी हेर्दा, विश्वासको संकट केवल स्तर खस्किनु होइन, यो ज्ञानको सामाजिक संरचनामै आएको गहिरो परिवर्तनको संकेत हो । दक्षिण एसियामाथि झुन्डिएको डरको तरबारः भारतमा मिडिया अनि राज्य-सत्ताबीचको सम्बन्धले लोकतान्त्रिक संस्थाहरू र पत्रकारिताको स्वायत्ततामाथि गम्भीर प्रश्न खडा गरेको छ । भारतका थुप्रै सञ्चारमाध्यमले सत्ताको खातिरदारीको पराकाष्ठा नाघिसकेका छन्। त्यहाँ अहिले अति कम मूलधारे मिडियाले मात्रै मोदीलाई आलोचनात्मक आँखाले हेर्न सक्छन् । यो हिचकिचाहट प्रत्यक्ष सेन्सरसिपको परिणाममा मात्रै नआएर कानुनी, आर्थिक र प्रतीकात्मक दबाबहरूको जटिल अन्तरक्रियाबाट उत्पन्न भएको हो। भारतमा मानहानिसम्बन्धी कानुन, देशद्रोहका मुद्दा, आतंकवाद सम्बन्धी कडा कानुनी प्रावधानहरू पत्रकार र सञ्चारमाध्यमविरुद्ध प्रयोग हुन सक्छन्, जसले कानुनी जोखिमको वातावरण सिर्जना गर्छ ।

**साभार : कान्तिपुर ।**







प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम-४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday